# रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्ड : २ | संख्या: ५ | प्रकाशित मिति: २०७५/०३/२२

## भाग-१

## रोङ गाउँपालिकाको विनियोजन ऐन, २०७५

रोङ गाउँपालिका
२०७३

अनुसूची ७

## (दिग्दर्शनको दफा ५.५.३ सँग सम्बन्धित)

# रोङ गाउँपालिकाको विनियोजन ऐन, २०७५

**रोङ गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मिति : २०७५/०३/१५

**प्रस्तावना :**रोङ गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९९ को उप-धारा (२) बमोजिम रोङ गाउँसभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ : (१)** यस ऐनको नाम "रोङ गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०७५/०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०७५/०७६ को निमित्त गाउँपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु.३२,०७,२२,८००।- (अक्षेरुपी बत्तीस करोड सात लाख बाईस हजार आठसय रुपैयामात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजन :**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त रोङ गाउँपालिका, गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय

व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढी हुनेगरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूची १**

**(दफा २ सँग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

## संञ्चित कोषबाट विनियोजन हुने रकम

रु हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ९९५९८.८ | ११९३२४ | - | २१८९२२.८ |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत शाखा | १०१८०० | - | - | १०१८०० |
| ४ | | ऋणको साँवाव्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |
| | | **जम्मा** | **२०१३९८.८** | **११९३२४** | | **३२०७२२.८** |

+

आज्ञाले,
डिक प्रसाद दाहाल
रोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत